# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५

मितिः २०७९।११।०५

# प्रेस विज्ञप्ति

## मलेशियामा अलपत्र परेका श्रमिकहरुको उद्धार गर्न सरकारसँग अपिलः

मिति २०७९ चैत्र ४ गते शनिवार नयाँ पत्रिका(वर्ष १६, अंक ३२८) राष्ट्रिय दैनिकमा प्रकाशित समाचारप्रति यस आयोगको ध्यानाकर्षण भएको छ ।
वैदेशिक रोजगारीमा गएका नेपालीहरुको "कन्त विजोग" को अन्त्य हुनुको सट्टा दिन प्रतिदिन झन् शोषण र उत्पीड्न वढ्दै गएको पाईन्छ । यसैको अविछिन्न कडीको रुपमा मलेशियामा गएका ५६ नेपालीहरु अढाई महिनादेखि अलपत्र परेका छन् । म्यानपावर कम्पनीहरुले मासिक एकलाखको शर्तनामामा तिनीहरुसँग उल्लेख्य रकम असुलेर मलेसिया पठाएका थिए तर म्यानपावर कम्पनीहरुको सदावहार ठग्ने प्रवृत्तिले तिनीहरू ठगिएका छन् । ती नेपाली युवाहरु अढाई महिनादेखि मलेशियाको सडकका पेटीहरुमा जीवनयापन गर्दै अत्यन्तै कष्टकर जीवनयापन गर्न वाध्य भएका छन् । नेपाल सरकारले तत्कालै ती युवाहरूलाई मलेशियामा रोजगार वा उद्धारको व्यवस्था गर्नु पर्छ । यसका साथै, दोषी म्यानपावर कम्पनीलाई समेत कानुनी दायराभित्र ल्याउन आयोगले सम्बन्धित निकायको ध्यानाकर्षण गर्दछ। शीघ्रताशीघ्र श्रमिकहरुको रोजगारी र कानुनी व्यवस्थापनको लागि आयोग अपील गर्दछ ।

..............................
सविता डंगोल
उपसचिव

Email: madheshicommission@gmail.com
"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"
आयोगको हेल्पलाईन नं. ११४८